आज मिति २०७९ जेष्ठ ९ गते अपरान्ह ३:०० वजे यस पुतलीवजार नगरपालिका, नगर कार्यपालिकाको बैठक प्रमुख श्री तुलसी राम रेग्मी ज्यूको अध्यक्षतामा देहाय बमोजिम पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिती

| क्र.सं | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री तुलसीराम रेग्मी | |
| २ | उपप्रमुख | श्रीमती देबी अर्याल | |
| ३ | वडाअध्यक्ष १ | श्री उत्तम प्रसाद श्रेष्ठ | |
| ४ | वडाअध्यक्ष २ | श्री भीम बहादुर गुरुङ | |
| ५ | वडाअध्यक्ष ३ | श्री राजेन्द्र प्रसाद श्रेष्ठ | |
| ६ | वडाअध्यक्ष ४ | श्री शिब बहादुर थापा | |
| ७ | वडाअध्यक्ष ५ | श्री अर्जुन कुमार कार्की | |
| ८ | वडाअध्यक्ष ६ | श्री खेम बहादुर गुरुङ | |
| ९ | वडाअध्यक्ष ७ | श्री कृष्ण बहादुर आले | |
| १० | वडाअध्यक्ष ८ | श्री इम बहादुर सेन | |
| ११ | वडाअध्यक्ष ९ | श्री लिल प्रसाद गुरुङ | |
| १२ | वडाअध्यक्ष १० | श्री अग्नी प्रसाद पौडेल | |
| १३ | वडाअध्यक्ष ११ | श्री मनोज पौडेल | |
| १४ | वडाअध्यक्ष १२ | श्री गन्ज सिं गुरुङ | |
| १५ | वडाअध्यक्ष १३ | श्री जुद्ध बहादुर थापा | |
| १६ | वडाअध्यक्ष १४ | श्री जितेन्द्र प्रकाश मल्ल | |
| १७ | प्रमुख प्रशासकीय अधिकृत | श्री रमेश घर्ति | |

बैठक संख्या- ७२

मिति: २०७९।०२।०९

**प्रस्तावहरु:**

१. धन्यवाद ज्ञापन सम्बन्धमा।

२. नगरपालिकाको योजना तथा कार्यक्रमहरुको जानकारी सम्बन्धमा।

३. मृगौला रोगको स्याङ्जामै डायलसिस सुविधा सुनिश्चित गर्ने सम्बन्धमा।

४. पुतलीबजार नगरपालिकामा ब्लड बैंक स्थापना सम्बन्धमा।

५. नगरपालिकाको सेवा प्रवाहलाई डिजिटल तथा विद्युतीय प्रणालीबाट व्यवस्थित गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १-** आज हामी २०७९ वैशाख ३० गते सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट निर्वाचित भएपश्चात पुतलीबजार नगर कार्यपालिकाको प्रथम बैठक बस्दै छौं। यस घडीमा आफ्नो अमूल्य मत दिएर हामीलाई महत्वपूर्ण जिम्मेवारीमा पठाउनुहुने सम्पुर्ण मतदाताहरु, शुभेच्छुक नगरवासीहरु र राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु एवम् प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउने सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछौं ।यस महत्वपूर्ण निर्वाचनलाई शान्तिपुर्ण, व्यवस्थित र सौहार्दपूर्ण रुपमा सम्पन्न गर्न भुमिका खेल्ने समग्र कर्मचारी तथा सुरक्षाकर्मीहरुमा आभार व्यक्त गर्दछौं।

**निर्णय नं.२-** पुतलीबजार नगरपालिकाको संस्थागत अवस्था र सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरुको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिईयो। यस आर्थिक वर्षमा सम्पन्न गर्न बाँकी रहेका योजना तथा कार्यक्रमहरु यथासमयमा सम्पन्न गर्ने गरी कार्यान्वयनलाई प्रभावकारी बनाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं.३-** मृगौला रोगको नियमित डायलसिसको लागि बाहिर जानुपर्दा डायलसिस गर्नुपर्ने नगरवासी विरामीहरुले निकै कठिनाई भोग्नुपरेको अवस्थालाई मध्यनजर गर्दै पुतलीबजार नगरपालिकाबाट थप स्वास्थ्यकर्मी र बायोटेक्निसियनको व्यवस्थापन मिलाई स्याङ्जा जिल्ला अस्पतालमै उक्त रोगहरुको सहज रुपमा नियमित डायलसिस सेवा लिन सक्ने सुनिश्चितता गर्ने।

**निर्णय नं.४-**पुतलीबजार नगर क्षेत्रमा व्यवस्थित ब्लड बैंक नरहेको हुँदा विरामीहरुका लागि सहज रुपमा ब्लडको उपलब्धता हुन सकिरहेको छैन। ब्लडको अभावमा विरामीको उपचारमा जतिलता हुन नदिन र अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गर्न नेपाल रेडक्रस सोसाइटी संगको सहकार्यमा यथाशिघ्र ब्लड बैंक स्थापनाको पहल

गर्ने । उक्त ब्लड बैंक स्थापना र संचालन व्यवस्थापनको लागि आवश्यक ब्लड स्टोरेजका लागि फ्रिज लगायतका सामाग्री उपलब्ध गराउन आ.व. २०७८/७९ मा विपद् व्यवस्थापन कोषमा बिनियोजित भै बाँकी रहेको बजेटबाट रु. १०,००,०००। बजेट उपलब्ध गराउने।

**निर्णय नं.५-** पुतलीबजार नगरपालिकाबाट प्रवाह हुने सेवाहरुलाई छिटो छरितो, प्रभावकारी र सहज बनाउन विद्युतीय र डिजिटल माध्यमबाट सेवा प्रवाह गर्न जरुरी छ । सेवा प्रवाहलाई सरलीकरण गर्नुका साथै कार्यालयको अभिलेख व्यवस्थापन र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन र समग्र नगरपालिकाको प्रोफाईललाई डिजिटल रुपमा तयार गर्नका लागि नवप्रवर्धन साझेदारी कोष कार्यक्रम अन्तरगत गण्डकी प्रदेश सरकार संगको सहकार्यमा संचालन हुने कार्यक्रमलाई सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तत्काल कार्ययोजना बनाई कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

२०७९।२।१५

२०७९।२।१५